नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९   स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३   अंक ७१   २०८० साल असोज २४ गते बुधवार (11 Oct. 2023 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*यस अंक भित्र :* २ पृष्ठमा : विशेषज्ञ सेवा विस्तारमा केन्द्रित. ३ पृष्ठमा : मधेस प्रदेशका अवैधानिक ... ३ पृष्ठमाम्यान्मा विस्थापितहरूको शिविरमा...

# मुआब्जाका लागि नेपाल तथा भारतका कोशी पीडितले आ-आफ्नो भुमिमा आन्दोलन गर्ने

**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**

नेपाल र भारतका कोशी पीडितहरुले जायज माँग पुरा गराउन आ-आफ्नो भूमीमा आन्दोलन चर्काउने तयारी गरेको छ ।

सप्तरी सदरमुकाम राजविराजमा मंगलवार दुबै देशका कोशी पीडितहरुको वसेको संयुक्त बैठकले आन्दोलन चर्काउने तयारी गरेको जनाइएको छ ।

बैठकपछि सञ्चारकर्मीहरुसँग कुरा गर्दै भारतको जनअधिकार पार्टी बिहारका अध्यक्ष समेत रहेका कोशी पीडित उपेन्द्र सिह कुशवाहले मुआब्जाको समस्या दुबै देशको कोशी पीडितको साझा समस्या रहेकोले आफुहरु सरकारको ध्यानाकर्षण गराउन विभिन्न दवाबमुलक कार्यक्रम गर्ने तयारी गरेको जानकारी दिए ।



भारतीय कोशी पीडितद्वारा घोषित आन्दोलन कार्यक्रम अनुसार २०८० पौष ९ गते भारतको सहरसास्थित कोशी कमिशनरी कार्यालयमा एक दिने अनशन तथा २०८० माघ १० गते पटनास्थित विद्यानसभा भवन अगाडीसम्म पैदल मार्च गरी ज्ञापन पत्र बुझाउने कार्यक्रम तय गरिएको छ ।

यस्तै माग १९ गते भारतको राजधानी नयाँ दिल्ली पुगेर संसद भवन अगाडी धर्ना, प्रर्दशन र ज्ञापन पत्र बुझाउने कार्यक्रम तय गरिएको कुशवाहले जानकारी दिए ।

यस्तै सीमावर्ती भारतीय बाजारका समेत दर्जनौ ग्रामपञ्चायत बाढी र डुवान कटानको चपेटामा परी घरबार विहीन बनेको भारतीय कोशी पीडित संघर्ष समितिका अध्यक्ष कुशवाहको भनाई छ ।

उनले कोशीको कहर नेपालका सप्तरी, सुनसरी र उदयपुर जिल्लाका साथै भारतको पिपरा, खुर्ग, विसनपुर, भटियाही, कुनौली, कमलपुर, डगमारा, दिघिया, वनैनिया, न्योर मझारी तथा वेलासिंगोर लगायतका हजारौ सर्वसाधारणलाई बेघर बनाएको बताए ।

नेपाल तथा भारत दुबै तर्फका सरकारको उदासिनताका कारण आफुहरु मुआब्जाबाट बञ्चित रहेको र दुबै देशका सरकारलाई दवाब बनाउन आवश्यक भएको बैठकको निष्कर्ष रहेको उनले बताए । उनले कोशीको कहरले आफुहरुको क्षेत्रमा समेत खेतबारी, विद्यालय, स्वास्थ्य संस्था, मठमन्दिर, मस्जिद बगाएर उजाड तुल्याउने गरेको तर सरकारको ध्यान पुग्न नसकेको सुनाए ।

सप्तरी, उदयपुर र सुनसरी कोशी डुवान तथा कटान संघर्ष समितीका संयोजक महिदेव प्रसाद चौधरीले दुबै तर्फका कोशी पीडितले आ-आफ्नो भुमिमा जायज माँग पुरा गराउनका लागी आन्दोलन मार्फत आ-आफ्नो सरकारलाई दवाब दिने सहमती भएको बताए ।

उनले नेपाल तथा भारतका कोशी पीडितहरुको जायज माँग पुरा गराउन आफुहरुले आफ्नो सरकारलाई दबाब दिन आन्दोलनको कार्यक्रम तय गरेको जानकारी पनि दिए । उनले केही कारणवश स्थगन गरिएको आन्दोलन फेरी शूरु गर्ने तयारी भईरहेको बताए ।

वि.स. २०११ सालमा नेपाल-भारतबीच भएको कोशी सम्झौता अनुसार योजना अन्तर्गत परेको जग्गाको मुआब्जा तथा क्षती भएको बालीनालीको क्षतिपूर्ती भारत सरकारले दिनु पर्ने उल्लेख छ । तर तीन पुस्ता वितिसक्दा पनि अझै मुआब्जा पाउन नसकेको भन्दै सुनसरी, उदयपुर र सप्तरीका कोशी पीडितहरु संघर्ष समिती नै गठन गरी आन्दोलन गर्दै आएका छन् ।

सप्तरी र सुनसरी बीचको सीमामा पर्ने कोशी ब्यारेज पुल निर्माणका क्रममा भारत सरकारले आसपासका सर्वसाधारणको जग्गा अधिग्रहण गरेको झण्डै ६८ वर्ष वितिसक्दा पनि आफुहरुले सम्झौता अनुसारको मुआब्जा पाउन नसकेको कोशी पीडितको गुनासो छ ।

# डेङ्गी सङ्क्रमण नियन्त्रणमा

काठमाडौँ, २३ असोज (रासस) ।

डेङ्गी भाइरसको सङ्क्रमण कम हुँदै गएको छ । अङग्रेजी महिनामा अगस्त (साउन १६ देखि भदौ १४ गतेसम्म) मा बढेको डेङ्गु सङ्क्रमण सेप्टेम्बर महिना (भदौ १५ देखि असोज १३ गतेसम्म)मा घटेको पाइएको हो ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासिनीले स्थानीय तहले सजकता अपनाउँदा र लार्भा खोज र नष्ट गर अभियान सञ्चालन हुँदा सङ्क्रमण फैलिन नपाएको बताउनुभयो । “हामीले भदौ र असोजमा डेङ्गी सङ्क्रमण बढ्ने प्रक्षेपण गरेका थियौँ”, उहाँले भन्नुभयो, “स्थानीय तह र सर्वसाधारणले लामखुट्टेका लार्भा नियन्त्रणमा खेलेको भूमिकाले गर्दा सङ्क्रमण बढ्न पाएन ।”

सुनसरी जिल्लाबाहेक अन्य जिल्लामा डेङ्गी नियन्त्रणमा रहेको उहाँको भनाइ छ । यस वर्ष अहिलेसम्म ३५ हजार दुई सय २३ जना डेङ्गी सङ्क्रमणबाट बिरामी भएका छन् । ७६ जिल्लामा डेङ्गी सङ्क्रमण फैलिँदा २० जनाको ज्यान गएको छ ।

सन् २०२२ मा ५४ हजार सात सय ८४ जनामा सङ्क्रमण र ८८ जनाको मृत्यु भएको थियो । गत अगस्तमा १३ हजार आठ सय ४० सङ्क्रमण देखिएकामा सेप्टेम्बरमा ११ हजार पाँच सय ६६ सङ्क्रमण देखिएका छन् । गत वर्ष सन् २०२२ मा अगस्टमा तीन हजार सात सय आठ र सेप्टेम्बरमा २७ हजार पाँच सय २९ जनामा डेङ्गी सङ्क्रमण देखिएको थियो ।

पानी जम्ने सफा ठाउँमा ‘एडिज एजिप्टी र एडिस एल्बोपिक्टस’ प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भई टोकेपछि डेङ्गी रोग लाग्ने

***बाँकी अन्तिम पृष्ठमा***

# प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहकै हुनुपर्ने मागसहित स्थानीय तहका कर्मचारी धर्नामा





**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**

संघिय निजामती सेवा ऐनको सट्टा एकिकृत निजामति सेवा ऐन जारि गरिनु पर्नेलगायतका माग अघि सार्दै स्थानीय तहका कर्मचारीहरु मंगलबारदेखी धर्नामा बसेका छन् ।

स्थानीय तह अन्तरगत राजविराज नगरपालिका कर्मचारी इकाई समितिको नेतृत्वमा कार्यालय परिसरमा कर्मचारीहरु धर्नामा बसेका हुन् । त्यस्तै रुपनी गाउँपालिकाका कर्मचारीहरु पनि संघर्षमा उत्रिएका छन् ।

स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतको पद स्थानीय सेवाको नै रहने व्यवस्था, निजामति परिभाषा भित्र स्थानीय तहका कर्मचारीहरुलाई समेत समेटिनुपर्ने, बिना सहमति ७५३ वटै स्थानीय तहमा चक्रिय प्रणालीमा सरुवा गर्नुपर्ने, समायोजनका कर्मचारीहरुको उचित व्यवस्था गरिनुपर्ने लगायतका माग अघि सार्दै संघर्षमा उत्रनु परेको राजविराज नगरपालिका कर्मचारी इकाई समितिका अध्यक्ष कल्पना देवले जानकारी दिइन् ।

त्यस्तै तीनै तहका कर्मचारीहरुको समान बृद्धि विकासको व्यवस्था, स्थानीय तहमा कार्यरत कर्मचारीहरुको कर्मचारी कल्याण कोष अनिवार्य व्यवस्था, निजामति अस्पतालबाट प्राप्त हुने सेवा सुविधा उपलब्ध गराउनुपर्ने, जुनसुकै तहको विज्ञापनमा उमेर हद नलाग्ने र

***बाँकी अन्तिम पृष्ठमा***

**डेंगीबाट बच्ने उपायहरू:**

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्यारो कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अनुगमन, मुल्य नियन्त्रण र कालो बजारीलाई कारवाहीका लागि दिर्घकालिन नीति बनाउनु आवश्यक

चाड पर्व नजिकिदै जाँदा सरकारले मुलकभर उपभोक्तालाई ध्यानमा राख्दै सहुलियत दरका पसलहरु संचालन गरिरहेको छ। त्यस्तै बजार अनुगमनलाई समेत तिब्रता दिएको छ। हिन्दुहरुको महान चाड वडा दशैं आउने केही दिन मात्र बाँकी रहेकोले बजारमा कृतिम मुल्य बृद्धि समेत भइरहेको छ। विभिन्न खाद्यान्नदेखी तरकारीमा समेत मुल्य बृद्धि भएको छ। हरेक वर्ष चाड पर्वको बेला आफूखुशी व्यापारीहरुले मुल्य बृद्धि गरेर उपभोक्तालाई मारमा पार्ने गरेको हुन्छ। यता सरकारी स्तरबाट चाड पर्वको बेला मात्र बजार अनुगमन र सहुलियत दरका पसल खोलेर जनतालाई देखाउने काम मात्र गरेको छ। अनियनित्रत बजार मुल्यका कारण अहिले देशभरैका उपभोक्ता मारमा परेका छन्।

चाड पर्वमा मात्र भए पनि सरकारले सहुलियत दरका पसल खोलेर उपभोक्तालाई क्षणिक राहत दिएको छ। तर सप्तरीमा भने यस्तो कुनै प्रकारको सहुलियत दरका सरकारी पसल खुलेको छैन्। सरकारी निकायले समेत यसप्रति चासो देखाएको छैन्। केही दिनदेखी सप्तरीमा बजार अनुगमनले तिब्रता पाएको छ। पाए पनि खासै फलदायी हुन सकेको छैन्। सबै पसलमा नभएर केही ठूला ठूला पसलमा अनुगमन गरेर देखाउने काम मात्र गरेको छ। अनुगमनलाई अन्य दिन पनि निरन्तरता नदिएर मात्र चाड पर्वमा देखाउन गरिएको कार्यले पक्कै पनि दिर्घकालिन सफलता पाउँदैन्।

तसर्थ जनतालाई राहत दिने विषयमा सम्बन्धित निकायसँगै स्थानीय पालिका समेतले ध्यान दिनु आवश्यक छ। यसका लागि सम्बन्धित निकायले अनुगमन, मुल्य नियन्त्रण र कालो बजारीलाई कारवाहीका लागि दिर्घकालिन नीति बनाउनु आवश्यक छ।

# विशेषज्ञ सेवा विस्तारमा केन्द्रित हुँदै जानकी मेडिकल कलेज

जनकपुरधाम, २३ असोज (रासस)।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-१ रामदैया भवाडीमा रहेको जानकी मेडिकल कलेज शिक्षण अस्पताल दक्षजनशक्ति उत्पादनका साथै विशेषज्ञ स्वास्थ्य सेवा विस्तारमा केन्द्रित हुन थालेको छ।

विगत २३ वर्षदेखि चिकित्सा सेवाका विभिन्न विधामा दक्षजनशक्ति उत्पादनका साथै नागरिकलाई आधारभूत चिकित्सकीय सेवा प्रदान गर्दै आएको अस्पतालले अत्याधुनिक उपकरण र पूर्वाधारसहित सेवा विस्तारमा ध्यान केन्द्रित गरेको अस्पताल निर्देशक प्रा डा धर्मदत्त सुवेदीले बताउनुभयो।

सुरुका केही वर्ष आन्तरिक तथा अन्य व्यवस्थापकीय चुनौती सामना गर्नुपरे पनि पछिल्ला केही वर्षयता व्यवस्थापन सुधारमार्फत गुणस्तरीय शिक्षा तथा विशेषज्ञ सेवा केन्द्रीत कार्यक्रममा सम्पूर्ण ध्यानदिन थालिएको प्रा डा सुवेदीले बताउनुभयो। "सुरुका केही वर्ष व्यवस्थापनसँग जोडिएका समस्या र प्रश्नले हामीलाई घेरिरह्यो। तथापि शैक्षिक गतिविधि र नागरिकलाई प्रदान गर्ने सेवाबारे हामी सधैँ सचेत थियौँ", उहाँले भन्नुभयो, "पछिल्ला पाँच वर्षयता व्यवस्थापन सुधारदेखि शिक्षण अस्पतालका शैक्षिक गतिविधि र नागरिकलाई घरआँगनमै बढीभन्दा बढी स्वास्थ्यसेवा प्रदान गर्ने गरी हामी अगाडि बढेका छौँ। ती पहलकदमीको सकारात्मक परिणाम विस्तारै देखिन थालेका छन्।"

शिक्षण अस्पतालका प्रबन्ध निर्देशक श्रीप्रसर्ट पाण्डेले विगतका वर्षमा व्यवस्थापकीय कमजोरी र स्थानीय नागरिकको अविश्वासका कारण उत्पन्न समस्यालाई केलाएर तिनको समाधान गरी शैक्षिक वातावरण सुधार र चिकित्सकीय सेवा विस्तारमा अगाडि बढ्न थालिएको बताउनुभयो।

"हाम्रो मूल ध्येय नेपालमै चिकित्सा क्षेत्रका लागि आवश्यक दक्षजनशक्ति उत्पादन गर्ने र मधेश प्रदेशका आम नागरिकलाई गुणस्तरीय, भरपर्दो र सुलम विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने हो", पाण्डेले भन्नुभयो, "यस अर्थमा शैक्षिक कार्यक्रममार्फत नेपाली मात्रै होइन छिमेकी भारतीय विद्यार्थी पनि लाभान्वित भइरहेका छन्। त्यसैगरी स्वास्थ्य सेवाका हिसाबले मधेस प्रदेशका आम नागरिकलाई काठमाडौँ धाउनुपर्ने बाध्यताबाट मुक्ति दिन यहीँबाट स्वास्थ्य सेवा प्रदान गर्न हामी निरन्तर सेवा विस्तारमा लागेका छौँ।"

विसं २०६० देखि पठनपाठन सुरु गरेको मेडिकल कलेज शिक्षण अस्पताल केही समय शेयरधनीबीच विवादका कारण समस्यामा फसेको थियो। पटक-पटकको विवाद र चुस्त व्यवस्थापकीय प्रबन्धको अभावमा विद्यार्थी, कर्मचारी तथा स्थानीयलाई विश्वासमा लिन नसक्दा बन्द, हडताल एवं असन्तुष्टिको सिकारसमेत भयो। त्यहीबीचमा सबैभन्दा ठूलो शेयरधनीको रूपमा रहेका ओपी ( ओमप्रकाश) पाण्डे परिवार व्यवस्थापन समूहबाट बाहिरियो तर समस्या बल्झिँदै गएपछि पुनः एकल स्वामित्व रहने गरी पाण्डे परिवारले अस्पताल व्यवस्थापनको जिम्मा लिएको छ।

"दक्षजनशक्ति उत्पादन गर्ने र आम नागरिकलाई स्वास्थ्य सेवा दिने जिम्मेवारीमा रहेको अस्पताललाई सधैँ यस्तो अवस्थामा राख्नुहुँदैन भनेर हामीले जिम्मेवारी लियौँ। आर्थिक रूपमा हाम्रो लगानी भए पनि यो आम नागरिकको सार्वजनिक सम्पत्ति हो। यही सोचेर आफ्ना अरु सबै सम्भावना छोडेर यसै अस्पतालको व्यवस्थापनमा लागेका छौँ", प्रबन्ध निर्देशक पाण्डेले राससँग भन्नुभयो।

**'घरदैलोमै गुणस्तरीय सेवा'**

मेडिकल कलेज शिक्षण अस्पताल भएकाले यहाँ सञ्चालित शैक्षिक कार्यक्रमलाई मध्यनजर गरी मापदण्डअनुसार सबै विद्यामा सेवा दिनु अस्पतालको जिम्मेवारी हो। त्यसैकारण अस्पतालले सुरुदेखि नै जनरल मेडिसिन, सर्जरी, पेडियाट्रिक, गाइने, साइकाइट्रिक, आइसीयू, एनआइसीयू, इमरजेन्सी, आँखा, नाक कान घाँटी, अर्थोपेडिकजस्ता आधारभूत सेवा दिइरहेको प्रा डा सुवेदीले जानकारी दिनुभयो। त्यसैगरी विशेषज्ञ सेवा विस्तार गर्ने योजना बमोजिम हाल मानसिक रोग, पेटसम्बन्धी सेवा, मुटुरोग, ग्याष्ट्रिक, छालासम्बन्धी सबै सेवा, इन्डोस्कोपी सेवासमेत सुरु भइसकेको र युरोलोजी, न्यूरो सर्जरी, नेफ्रो (डायलासिससहित) लगायत सेवा सुरु गर्न आवश्यक पूर्वाधार निर्माण गरी आवश्यक कतिपय स्वास्थ्य उपकरण जडान र कतिपय खरिद प्रक्रियामा रहेका प्रा डा सुवेदीको भनाइ छ।

सेवा विस्तारका लागि रमदैयामा मेडिकल काउन्सिलको मापदण्डअनुसार नयाँ हस्पिटल ब्लक सञ्चालनमा सञ्चालनमा ल्याइएको छ। सो भवनमा ओपिडी र इमर्जेन्सी विभागले काम सुरु गरिसकेको छ। त्यसैगरी सर्जरी, हाडजोर्नी र प्रसूतिका लागि नयाँ वार्ड पनि तयार भइसकेको र ४० बेडको नयाँ आइसीयु र पोष्टअप वार्ड निर्माणका काम पनि अन्तिम चरणमा पुगेको अस्पतालका प्रबन्ध निर्देशक पाण्डेले जानकारी दिनुभयो।

"निजी लगानीको अस्पताल भए पनि हामीले सरकारी अस्पताल सरह सस्तो शुल्कमा ओपिडी सुविधा दिइरहेका छौँ। शल्यक्रियामा समेत विशेष छुट र स्थानीय नागरिकलाई थप सहुलियतसहित सेवाप्रवाह गर्ने काम भइरहेको छ। त्यसैगरी स्थानीय तहसँगको समन्वयमा मधेसका विभिन्न जिल्ला र ग्रामीण बस्तीमा गएर स्वास्थ्य शिविर सञ्चालन गर्ने र ल्यावको जाँचमा करिब ५० प्रतिशतसम्म छुट दिएर सर्वसाधारणलाई अस्पतालसम्म आउने वातावरण बनाएका छौँ। अब यसबाट बढीभन्दा बढी नागरिकले लाभ लिनसक्नुपर्छ", अस्पताल निर्देशक प्रा डा सुवेदीले भन्नुभयो।

प्रबन्ध निर्देशक पाण्डेले पनि मेडिकल कलेजलाई स्थापित गर्ने र सेवा भावले सरकारी अस्पतालसँग प्रतिस्पर्धा गर्दै आफूहरूले सेवा दिइरहेको दाबी गर्नुभयो। "अस्पतालबाट नाफा हेर्नेभन्दा पनि सेवादिने गरी हामीले काम गरिरहेका छौँ। अहिले अस्पतालको घाटा शैक्षिक कार्यक्रमबाट पूर्ति गरेर भए पनि नागरिक स्वास्थ्य हाम्रो प्राथमिकतामा छ", पाण्डेले भन्नुभयो।

हाल पाँच सय शय्याको अस्पताल संरचना तयार भएको र औसतमा दैनिक करिब दुई सय बिरामी उपचारका लागि आउने गरेको अस्पताल अस्पताल निर्देशक सुवेदीले जानकारी दिनुभयो।

साथै नेपाल सरकारको सहयोगमा अस्पतालमा आमा सुरक्षा कार्यक्रमसमेत लागू गरिएको छ। यस कार्यक्रममार्फत हुने सबै सेवा निःशुल्क प्रदान हुने गरेका छन्। जसअन्तर्गत गर्भवती जाँच, सम्पूर्ण प्रसूति सेवा, नवजात शिशु सेवा, खोप, आमा र बच्चाको लागि कपडा, परिवार नियोजनका सेवा सञ्चालनमा छन् भने सुत्केरीलाई यातायात खर्चबापत रु एक हजारसमेत दिने गरिएको छ।

**दुई हजारभन्दा बढी दक्षजनशक्ति उत्पादन**

विसं २००३ बाट पठनपाठन सुरु गरेको सो मेडिकल कलेजमा अहिले १८औँ ब्याचलाई पढाइरहेको छ। शैक्षिक कार्यक्रमअन्तर्गत एमडि, एमएस, एमबीबीएसका साथै स्टाफ नर्स कोर्ष पनि सञ्चालनमा छ। पछिल्लो समय स्टाफ नर्समा भने विद्यार्थी पाउन नसकिएको अस्पताल व्यवस्थापन पक्षको भनाइ छ।

यी सबै कार्यक्रमबाट हालसम्म दुई हजारभन्दा बढी दक्षजनशक्ति उत्पादन गरिएको अस्पताल व्यवस्थापनले जनाएको छ। त्यसमध्ये आठ सयभन्दा बढी भारतीय विद्यार्थी रहेको अस्पताल निर्देशक सुवेदीले बताउनुभयो। हाल यहाँबाट उत्पादित जनशक्तिले नेपालका विभिन्न अस्पताल तथा भारतका प्रतिष्ठित अस्पताल एवं अन्य देशमासमेत सेवा दिइरहेको सुवेदीको भनाइ छ।

**चार अर्ब लगानी, चार सय भन्दाबढीलाई रोजगारी**

शैक्षिक पूर्वाधार, अस्पताल भवन र उपकरण, अस्पतालका लागि आवश्यक १७ बिघा जग्गासहित हालसम्म करिब रु चार अर्ब लगानी भइसकेको छ। शिक्षण अस्पतालका लागि हाल मूख्य संरचना रहेको धनुषाको रमदैयामा सात बिघा, बर्दिबासमा छ बिघा र ढल्केवर पुश्वलपुरमा पाँच बिघा गरी १७ बिघा जग्गाको बन्दोबस्त गरिएको छ।

त्यसैगरी करिब ८० प्रतिशत स्थानीयसहित चार सय जनाभन्दा बढीलाई रोजगारीसमेत दिइएको प्रबन्ध निर्देशक पाण्डेले जानकारी दिनुभयो। "विशेषज्ञ ७० जना पिजी (पोस्ट ग्राजुएट) गरेको, करिब १२ जना मेडिकल अधिकृत, करिब ७० जना स्टाफ नर्स र सबै कर्मचारी गरी चार सयभन्दा बढीलाई रोजगार दिएका छौँ। त्यसमध्ये ८० प्रतिशत स्थानीय र २० प्रतिशत जति यहाँबाट उत्पादित जनशक्तिलाई काम दिइएको छ", पाण्डेले भन्नुभयो, "यसकारण शैक्षिक र अस्पतालको हिसाबले यसको महत्व त छ नै, साथसाथै स्थानीयस्तरमा यति धेरै रोजगारी प्रदान गरेकाले यो एक उद्योग पनि हो। यसर्थ रोजगारी, शैक्षिक पर्यटकीय हब र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरेर हामीले मधेसको पहिचानसमेत स्थापित गर्न खोजिरहेका छौँ।"

अस्पताल निर्देशक प्रा डा सुवेदीले पनि गुणस्तरीय शिक्षा, परपर्दो र सुपथ र शुलभ मूल्यमा विशेषज्ञ सेवा, स्थानीयस्तरमै सयौँको सङ्ख्यामा रोजगारी सिर्जना गर्न अस्पताल व्यवस्थापनले लिएको लक्ष्यमा नागरिक र सरोकारवालाबाट सकारात्मक सहयोगको अपेक्षा गरेको बताउनुभयो।

"यो अस्पतालको सफलतामा स्वदेशमै गुणस्तरीय शिक्षा पढ्न चाहने, आफ्नै देशमा रोजगारी चाहने सयौँ युवाको सपना र गुणस्तरीय स्वास्थ्य सेवाको अभावमा अकालमै ज्यान गुमाउने मधेशका लाखौँ नागरिकको जीवन जोडिएको छ। सबैले हातेमालो गरेर अगाडि बढेमा त्यो सपना चाँडै पूरा हुनेछ", प्राडा सुवेदीले भन्नुभयो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# मधेस प्रदेशका अवैधानिक स्वास्थ्य संस्थालाई कारबाही गरिने

धनुषा, २३ असोज (रासस)।
मधेस प्रदेश सरकारका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री वीरेन्द्रप्रसाद सिंहले प्रदेशभित्रका अवैधानिक स्वास्थ्य संस्थालाई कारबाही गरिने बताउनुभएको छ। प्रदेशमा स्वास्थ्य संस्था दर्ता, नवीकरण तथा नियमनका लागि निर्देशन दिँदै अनाधिकृत, अव्यवस्थित, अनियन्त्रित स्वास्थ्य संस्था अविलम्ब प्रक्रियामा नआए कारबाही गरिने बताउनुभयो।

प्रदेशको स्वास्थ्य मन्त्रालयले स्वास्थ्य संस्था दर्ता, नवीकरण तथा नियमन सम्बन्धमा आयोजित सरोकारवालासँगको अन्तरक्रियामा मन्त्री सिंहले प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको निकायबाट इजाजतपत्र लिनुपर्ने र नवीकरण गराउनुपर्ने संस्थालाई सोअनुसार अविलम्ब गर्न गराउनका लागि निर्देशन दिनुभयो।

मन्त्री सिंहले प्रदेशमा एक सय ४८ वटा स्वास्थ्य संस्था खुलेको जानकारीमा आएको बताउनुभयो। अनाधिकृत, अव्यवस्थित, अनियन्त्रित र इजाजतबिना खोलिएका त्यस्ता स्वास्थ्य संस्थालाई आवश्यक प्रक्रिया पूरा गरी व्यवस्थित गराउन तोकिएको ढाँचामा विवरण भर्न पत्राचार गर्दा पनि कसैले विवरण नबुझाएको उहाँको भनाइ छ।

आँखा र डेन्टलसम्बन्धी एउटा पनि स्वास्थ्य संस्था मधेश प्रदेशमा दर्ता नरहेको बताउँदै मन्त्री सिंहले भन्नुभयो, "१५ दिनभित्र आवश्यक कागजातसहित दर्ता गर्न समय दिएका छौँ। यो समयसीमाभित्र दर्ता गरेको नपाइएमा समितिले कानुनी कारवाही थाल्ने छ।"

प्रदेशमा ठूलो सङ्ख्यामा अवैधानिक तरिकाबाट स्वास्थ्य संस्था सञ्चालनमा छन्। मधेश प्रदेशको स्वास्थ्य मन्त्रालयमा जम्मा ४८ वटा स्वास्थ्य संस्था दर्ता रहेको सो मन्त्रालयले जनाएको छ। तीमध्ये १९ वटा संस्थाले नवीकरण गराएका छैनन् भने २९ वटा स्वास्थ्य संस्थाको दर्ता मात्र नियमसम्मत देखिएको छ।

मन्त्री सिंहले दिएको जानकारी अनुसार प्रदेश सरकार मातहतबाट इजाजत लिनुपर्ने र नवीकरण गराउनुपर्ने स्वास्थ्य संस्थामा २५ देखि २०० शय्यासम्मका जनरल तथा विशेषज्ञ अस्पताल, २५ देखि ५० शय्यासम्मका आयुर्वेद अस्पताल, डेन्टल क्लिनिक, विशेषज्ञ क्लिनिक, पोलिक्लिनिक, आँखा उपचार केन्द्र, सी वर्गको प्रयोगशाला, ख श्रेणीको रेडियो इमेजिङ्ग सेन्टर, २५ शय्यासम्मका डायलासिस केन्द्र, २५ शय्यासम्मका पुनःस्थापना केन्द्र छन्।

स्वास्थ्य संस्था सञ्चालन मापदण्डको अनुसूची ८ बमोजिम स्वास्थ्य सञ्चालनका लागि व्यवस्थापनसम्बन्धी, भवन तथा पूर्वाधार, वातावरण, बहिरङ्ग विभाग, अन्तरङ्ग विभाग, आकस्मिक विभाग, शल्यचिकित्सा विभाग र सघन उपचार कक्ष, जनशक्ति व्यवस्थापन, विशेषज्ञ तथा विशिष्टीकृत सेवा, प्रयोगशाला, सङ्क्रमण रोकथाम तथा नियन्त्रण, पोषण, खोप, सुरक्षित मातृत्व, बाल स्वास्थ्य, परिवार नियोजन, स्वास्थ्यजन्य तथा अन्य फोहरमैला व्यवस्थापन, खानेपानी, सरसफाइ, विद्युत् आपूर्ति, बगैँचा, सवारी पार्किङ तथा मर्मत सम्भार, अक्सिजन, औजार उपकरण, फार्मेसीसम्बन्धी २६ बुँदामा मापदण्ड तोकिएको छ।

त्यस्तै अनुसूची ९ मा २५ देखि दुई सय शय्यासम्मको जनरल तथा विशेषज्ञ अस्पताल, २५ देखि ५० शय्यासम्मको आयुर्वेद अस्पताल, डेन्टल क्लिनिक, विशेषज्ञ क्लिनिक, पोलिक्लिनिक, आँखा उपचार केन्द्र, 'सी' वर्गको प्रयोगशाला, 'ख' श्रेणीको रेडियो इमेजिङ सेन्टर, २५ शय्यासम्मको डायलासिस केन्द्र, २५ शय्यासम्मको पुनःस्थापना केन्द्र र हस्पिक सेन्टर सञ्चालनको इजाजतपत्र दिने र नवीकरण गर्ने अधिकार तोकिएको स्वास्थ्य महाशाखाका प्रमुख इन्द्रजित रजकले जानकारी दिनुभयो।

कार्यक्रममा प्राइभेट हस्पिटल एशोसिएशन धनुषाका अध्यक्ष डा एसके सिंहले अनुगमन समितिमा निजी स्वास्थ्य संस्थाका प्रतिनिधिलाई सदस्यमा राख्न माग गर्नुभयो। स्वास्थ्य संस्था सञ्चालनका लागि इजाजतपत्र लिनुपर्ने र नवीकरण गराउनुपर्ने निकायको अधिकारसहितको पत्र प्रदेशका प्रत्येक स्थानीय तहलाई पनि पत्राचार गरिसकेको छ।

प्रदेशभित्रका संस्थाको अनुगमन तथा नियमनका लागि डा कृष्णदेव दास(केडी दास) को संयोजकत्वमा सात सदस्यीय स्वास्थ्य संस्था अनुगमन उपसमिति समेत गठन गरिएको छ। समितिमा डा जीतेन्द्र ठाकुर उपसंयोजक तथा सदस्यमा डा रजनी सिंह, श्री शिवानी कार्की, सन्तोष यादव, सञ्जुकुमारी यादव र सन्तोषकुमार ठाकुर सदस्य सचिव रहेका छन्।

समितिले अनुगमन गरेर अनियन्त्रितलाई नियन्त्रण गर्ने गरी अधिकार प्रत्यायोजन गरिएको छ भने स्वास्थ्य संस्था सञ्चालन मापदण्ड अनुसार संस्था सञ्चालनका लागि आवश्यक प्रक्रिया पूरा गर्न गरिने आग्रहलाई अटेर गरेमा त्यस्तो संस्थालाई बन्दसम्म गर्ने अधिकार समितिलाई दिइएको छ।

# तत्काल व्यक्तिगत र पार्टीगत रूपमा इजरायल भ्रमण नगर्न आग्रह

काठमाडौं, २३ असोज (रासस)।
परराष्ट्रमन्त्री एनपी साउदले राजनीतिक तहमा आधिकारिक निर्णय बाहेक तत्काल व्यक्तिगत र पार्टीगत रूपमा इजरायल भ्रमण नगर्न आग्रह गर्नुभएको छ।

इजरायलमा भएको आक्रमण र त्यहाँ रहेका नेपालीहरूको अवस्थाका बारेमा संसदको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा जानकारी गराउनु हुँदै उहाँले यस्तो आग्रह गर्नुभएको हो। मन्त्री साउदले हमास समूहले आक्रमण गरेपछि इजरायलको अवस्था संवेदनशील रहेको जानकारी दिँदै अहिलेको अवस्थालाई राजनीतिकरण नगर्न पनि आग्रह गर्नुभयो।

"अवस्था संवेदनशील छ। त्यसैले राजनीतिक तहमा आधिकारिक निर्णय बाहेक व्यक्तिगत, पार्टीगत रूपमा इजरायल भ्रमण नगर्न अनुरोध छ", उहाँले भन्नुभयो, "यो अवस्थालाई राजनीतिकरण नगरौँ।" बैठकमा सांसदहरूले इजरायलमा नेपालीको उद्धारका लागि नेपाल सरकारले गरेको प्रयासको सराहना गर्दै थप कार्य गर्न सुझाउनुभएको थियो।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**
महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**
१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौँ नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**
मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालविवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ विपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौँ नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी**


## विश्व समाचार

### म्यान्मा विस्थापितहरूको शिविरमा भएको सैन्य आक्रमणमा २९ को मृत्यु

बैङ्कक, २३ असोज (रासस/एएफपी)।
उत्तरी म्यान्मामा विस्थापितहरूको एक शिविरमा भएको सैन्य आक्रमणमा २९ जनाको मृत्यु र दर्जनौं घाइते भएको उक्त क्षेत्र नियन्त्रणमा लिएको जातीय विद्रोही समूहका एक प्रवक्ताले मङ्गलबार बताएका छन्। म्यान्माको जुन्ता सरकारमाथि उसले सन् २०२१ मा गरेको कूविरुद्ध भएका प्रतिरोधलाई दबाउन नागरिक लक्षित रक्तपातपूर्ण आक्रमणहरू गरेको आरोप लगाइएको छ। पछिल्लो आक्रमण स्थानीय समयअनुसार सोमबार राति साढे ११ बजे भएको कचिन इन्डिपेन्डेन्स आर्मी (केआईए) का कर्णेल नाव बुले बताउनुभयो।

"बालबालिकासहित २९ शव फेला परेको छ, ५६ जना घाइते भएका छन्", शिविरमा कस्तो प्रकारको हमला भएको थियो भन्नेबारे अनुसन्धान गरिरहेको जानकारी दिँदै उहाँले भन्नुभयो, "हामीले कुनै विमानको आवाज सुनेनौं।"

सेनाले चीनको सीमामा रहेको लाइजा सहर नजिकै रहेको शिविरमा ड्रोन हमला गरेको हो कि भन्नेबारे पत्ता लगाउन खोजिरहेको पनि उहाँले बताउनुभयो। स्थानीय सञ्चारमाध्यमहरूले हमलापछि काठका भग्नावशेषहरूबाट शव निकाल्न उद्धारकर्मीहरूले टर्चलाइटको प्रयोग गरेको तस्बिर देखाएका छन्। तस्बिरमा जमिनमा तौलिया र त्रिपाल राखेर कम्तीमा १० जनाको शव देखाइएको थियो। कर्णेल नाव बुले लियाजा नजिकैको अस्पतालमा ४२ जनाको उपचार भइरहेको जानकारी दिनुभयो।

सेनाले सन् २०२१ मा आङ सान सु कीलाई सत्ताबाट हटाएयता कचिन राज्यमा १० हजारभन्दा बढी मानिस विस्थापित भएका छन्। सन् २०२१ मा भएको सैन्य विद्रोहको व्यापक विरोध भएको र यसमा असहमति असहमति सेनाले राख्नेमाथि रक्तपातपूर्ण कारवाही गरेका छ। राजनीतिक बन्दीहरूका लागि सहयोगी संस्था (एएपीपी) का अनुसार सैन्य कारवाहीमा दसौं हजार गिरफ्तार भएका छन् भने चार हजार एक सय मारिएका छन्।

### रुसका २७ ड्रोन खसालेको युक्रेनको भनाइ

किएभ, २३ असोज (रासस/एएफपी)।
युक्रेनको वायु सेनाले मुलुकको दक्षिणी क्षेत्रमा रातभरमा रुसका ३६ मध्ये २७ ड्रोन खसालेको मङ्गलबार बताएको छ। युक्रेनी सेनाले दक्षिणी खेर्सान, माइकोलाइभ र ओडेसामा २७ वटा 'साहेद-१३६/१३१' ड्रोन खसालेको मेसेज प्लेटफर्म टेलिग्राममा बताएको छ।

समग्रमा मस्कोले क्रिमिया प्रायद्विपबाट इरान निर्मित ३६ वटा ड्रोन हमला गरेको युक्रेनी सेनाले जनाएको छ। सन् २०१४ मा युक्रेनी भूभाग क्रिमियालाई रुसले आफूमा गाभेको थियो। अन्य नौ ड्रोनले कुन लक्ष्यमा हमला गरेको थियो भन्नेबारे सेनाले केही बताएको छैन।

माइकोलाइभका गभर्नर भितालिए किमले आफ्नो क्षेत्र एउटा ड्रोन ध्वस्त भएको टेलिग्राममा जानकारी दिनुभयो। गत जुलाईमा कृष्ण सागरमार्फत खाद्यान्न ढुवानीका लागि सुरक्षित मार्गको अनुमति दिने सम्झौताबाट युक्रेन बाहिरिएपछि रुसले दक्षिणी युक्रेनका बन्दरगाहरूमा आक्रमणलाई बढाएको छ।

किएभले युक्रेनी ऊर्जा पूर्वाधारहरूमा मस्कोले हवाई आक्रमणको अभियान पुनः सुरु गरेको चेतावनी दिएको छ। गत सेप्टेम्बरको एउटै महिनामा मस्कोले पाँच सयभन्दा बढी साहेद ड्रोन हमला गरेको युक्रेनी परामर्श समूह डिफेन्स एक्सप्रेसले जनाएको छ।

### घुस लिएको आरोपमा चीनमा पूर्वखेलकुद प्रमुखलाई पक्राउ गर्न आदेश

बेइजिङ, २३ असोज (रासस/एएफपी)।
चीनले खेलकुद क्षेत्रमा भ्रष्टाचारविरुद्धको अभियान जारी राखेकै बेला भ्रष्टाचारको आरोपमा एक पूर्वखेलकुद अधिकारीलाई पक्राउ गर्न आदेश दिएको सरकारी सञ्चारमाध्यमले मङ्गलबार बताएका छ।

सत्ताधारी कम्युनिष्ट पार्टीबाट बर्खास्त भएको एक दिनपछि चीनको खेलकुद प्रशासनका उपप्रमुख डु जाओकाईविरुद्ध पक्राउ पुर्जी जारी भएको हो।

चिनियाँ राष्ट्रपति सि जिनपिङले एक दशकअघि सत्तामा आएदेखि यस्ता गलत प्रवृत्तिलाई नियन्त्रणमा लिनुभएको छ। इमान्दार शासन सुनिश्चित गर्न यस्तो अभियानले सहयोग पुर्‍याउने समर्थकहरूको भनाइ छ तर यस्तो कदमले आफ्ना राजनीतिक प्रतिद्वन्द्वीहरूलाई पाखा लगाउन राष्ट्रपति सिलाई अनुमति दिने आलोचकहरूले बताएका छन्।

"चीनको सर्वोच्च पिपुल्स प्रोक्योरमेन्ट (एसपीपी) ले घुस लिएको आशङ्कामा डु जाओकाईलाई पक्राउ गर्न आदेश दिएको छ", सरकारी समाचार समिति सिन्ह्वाले भन्यो, "उक्त विषय अनुसन्धानका लागि प्रोक्युरेटोरियल अधिकारीहरूलाई पठाइएको थियो र राष्ट्रिय पर्यवेक्षण आयोगले गरेको अनुसन्धानको निष्कर्षपछि आरोप लगाइएको हो।"

यसअघि शनिबार सिन्ह्वाले डुले गैरकानूनीरूपमा उपहार र पैसा स्वीकार गरेको तथा व्यवसाय सञ्चालन र कर्मचारी भर्तीमा फाइदा लिन आफ्नो पदको दुरुपयोग गरेको बताएको थियो। सीसीपीले उहाँलाई निष्कासन गर्नुका साथै उहाँको अवैध सम्पत्तिसमेत जफत गर्नेछ।

यस वर्ष चीनले अनुसन्धान गरेको खेलकुद क्षेत्रको भ्रष्टाचारका बढ्दो सङ्ख्यामा डुको नाम पनि समावेश थियो। उक्त सूचीमा चीनको उच्च व्यावसायिक फुटवल लिगका प्रमुख लिउ जुन र पूर्वराष्ट्रिय फुटबल कोच लि तेइ पनि समावेश छन्। उनीहरूलाई घुस लिएको र फौजदारी अभियोग लगाइएको छ।

गत जुनमा म्याच फिक्सिङ प्रकरणमा सामेल भएको आरोपमा चीनको राष्ट्रिय स्नुकर संस्थाले दुई खेलाडीलाई स्नुकर खेलबाट आजीवन प्रतिबन्ध लगाएको थियो।

# इजराइलमा मारिएका नेपालीको शोकमा मैनबत्ती प्रज्वलन




**दैनिक समाचारदाता**
**राजविराज, २३ असोज ।**
इजराईलमा जारि द्वन्दमा मारिएको १० जना नेपालीको शोकमा राजबिराज मैनबत्ती प्रज्वलन गरिएको छ ।

राजबिराजस्थित जनआन्दोलन र गजेन्द्र चौकमा मंगलबार साझ जसपा नेपाल निकट महिला सघ र एमाले निकट अनेरास्ववियुले छुट्टछुट्टै मनवत्ति प्रज्वलन गरेको हो ।

गजेन्द्र चौक र जनआन्दोलन चौकमा मैनबती प्रज्वलन गरी श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरिएको महिला नेतृ रमिला साहले बताईन ।

यस्तै नेकपा एमाले निकट अनेरास्वियुले जनआन्दोलन चौकमा मैनबति प्रज्वलन गरी श्रद्धाञ्जली दिएको अनेरास्वियु जिल्ला अध्यक्ष रंजित साहले जानकारी दिए ।

यसैगरी नागरिक समाजका अध्यक्ष थानसिह भन्सारीले पनि गजेन्द्र चौकमा मैनबती प्रज्वलन गरी शोक मनाएका छन ।

यस्तै सप्तरी युथ नेपालले पनि गजेन्द्र चौकमा मैनबत्ति प्रज्वलन गरी श्रद्धाञ्जलि अर्पण गरेको छ ।

इजरायलमा विद्रोही समूह हमासले गरेको आक्रमण परी १० जना नेपालीले ज्यान गुमाएको शोकमा सरकारले मंगलवार राष्ट्रिय शोकको घोषणा गरेको थियो । यस्तै सरकारले मृतकका परिवारलाई जनही १०/१० लाख रुपैया उपलब्ध गराउने निर्णय गरेको छ ।

## *डेङ्गी सङ्क्रमण ...*

गर्दछ । महाशाखाले भदौ र असोजमा डेङ्गी सङ्क्रमण बढ्ने प्रक्षेपण गरेको थियो । तर सतर्कता अपनाउँदा सोअनुसार बढ्न नपाएको महाशाखाले जनाएको छ ।

**सुनसरीमा मात्र १६ हजारभन्दा बढी सङ्क्रमित**

सङ्क्रमण देखिएकामध्ये जिल्लामा सुनसरीमा अगाडि देखिएको छ । महाशाखाका अनुसार सुनसरीमा १६ हजार ८० जनामा डेङ्गी सङ्क्रमण देखिएको छ । झापा तीन हजार पाँच सय ६२, धादिङमा तीन हजार एक सय २३, तनहुँमा तीन हजार एक सय २१ जना मोरङमा दुई हजार दुई सय ७३, कास्की सात सय ७२, काठमाडौँमा सात सय ६४, सङ्खुवासभामा पाँच सय २६, कैलाली चार सय ८० र धनकुटामा चार सय ४५ जनामा सङ्क्रमण देखिएको छ ।

## *प्रमुख प्रशासकीय ...*

सेवा अवधी जोड्ने वयवस्था गरिनुपर्ने, स्थानीय सेवाका कर्मचारीहरुलाई ट्रेड युनियनका अधिकार प्रदान गरिनुपर्ने, अस्थायी तथा करार कर्मचारीहरुको उचित व्यवस्था गरिनुपर्ने, अस्थायी तथा करार कर्मचारीहरुको लागि तिनै तहको विज्ञापनमा उमेर हद लागु नर्गे, समपूर्ण स्थायी कर्मचारीलाई पेन्सनको व्यवस्था र विविध सेवालाई प्रशासन सेवामा गाभ्नुपर्ने मागहरु अघि सार्दै संघर्षका कार्यक्रमहरु सार्वजनिक गरिएको छ ।

# नेपाली लिन जाने जहाज तयारी अवस्थामा, इजरायलले दिएन जहाज उडाउने अनुमति

**दैनिक समाचारदाता**
**काठमाडौं, २३ असोज ।**
नेपालले युद्धग्रस्त इजरायलमा रहेका नागरिकलाई स्वदेश ल्याउने सबै तयारी पुरा गरे पनि इजरायलले जहाज उडानको अनुमति दिएको छैन ।सरकारले कूटनीतिक च्यानलमार्फत इजरायलसँग जहाज उडानको अनुमति दिन आग्रह गरेको छ ।

परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्सालले उताबाट जहाज उडानको अनुमति आउने बित्तिकै नेपालीको उद्धारका लागि सबै तयारी पुरा भएको बताइन् । प्यालेस्टाइनी अतिवादी समूह हमास आक्रमणपछि इजरायलमा अन्तर्राष्टिय उडान बन्द छ ।'गाजा क्षेत्रमा रहेका सबै नेपालीको सकुशल उद्धार भएको छ', लम्सालले भनिन्, 'इजरायल सरकारले हवाई उडानको अनुमति दिने बित्तिकै यताबाट जहाज पठाउँछौं ।'मन्त्रिपरिषद बैठकले सोमबार चाटर्ड जहाज पठाएर इच्छुक नेपालीलाई स्वदेश फर्काउने निर्णय गरेको थियो ।

त्यसका लागि राष्ट्रिय ध्वजाबाहक नेपाल एअरलाइन्स र हिमालयन एअरलाइन्सका जहाज तयारी अवस्थामा राख्न मन्त्रिपरिषदले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिएको थियो । यसअघि त्यहाँस्थित नेपाली दूतावासको समन्यवमा इजरायली सेनाले युद्धग्रस्त क्षेत्रमा बंकरभित्र रहेका ३२ नेपाली विद्यार्थीलाई उद्धार गरी सुरक्षित स्थानमा लगेको थियो ।

प्यालेस्टाइनी समूह हमासले इजरायलका विभिन्न सहरमा शनिबार जमिन र आकाशबाट एकैसाथ हमला गरेको थियो । आक्रमणमा १० नेपाली विद्यार्थी मारिएका थिए । एक जना बेपत्ता छन । चार जना घाइतेको उपचार भइरहेको छ । इजरायलमा केयर गिभरका रुपमा ४ हजार ५ सय र परीक्षार्थी विद्यार्थी २ सय ६५ जना रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।


# लागु औषधसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २३ असोज ।**
सिरहा प्रहरीले सोमबार जिल्लाको गोलबजार नगरपालिकाबाट लागु औषधसहित दुई जनालाई पक्राउ गरेको छ ।

वडा नं. ४ स्थित पूर्व पश्चिम लोकमार्गम चेकजाँच गर्ने क्रममा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको बा.६३प.९१९६ नं. को मोटरसाईकल चेकजाच गर्ने क्रममा चालक लहान नगरपालिका वडा नं. २१ माधोपुर बस्ने २१ वर्षिय अर्जुन कुमार राम र पछाडी सवार वडा नं. २० हरीनगर बस्ने ३५ वर्षिय रामानन्द दासलाई पक्राउ गरेको हो ।

उनीहरुको साथबाट रोमेटसाइजिन हाइड्रोकोलाइड ४ सय ८७ एम्पुल, डाइडेपाम ईन्जेक्सन ४ सय ९८ एम्पुल र ब्रुपेनारफिना इन्जेक्सन ४ सय ९० एम्पुल गरी जम्मा १ हजार ४ सय ७५ एम्पुल लागू औषध फेला परेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका दुबैजना, लागू औषध र मोटरसाईकल समेतलाई ईलाका प्रहरी कार्यालय गोलबजार सिरहामा ल्याई थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।



राजविराज नगरपालिका
६ नं. वडा कार्यालय
राजविराज सप्तरी
२ नं. प्रदेश, नेपाल

पत्र संख्या २०८० ०८१
चलानी नं २९३
मिति २०८०।०६।२३

विषय :- सुचना । सुचना ॥ सुचना ॥।

राजबिराज नगर पालिका वडा नं. ६ बाट जारी गरिएको सुचना ।

श्री ..............................
राजविराज, सप्तरी

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी साविक गा.वि.स.जमुनी मधेपुरा वडा नं. ३ हाल राजविराज नगरपालिका वडा नं. ६ बस्ने स्व. जितेन्द्र प्रसाद दासको पत्नी आशा देवी दासको मिति २०८०।०६।२२ को द.न. १५७ को निवेदन मांग हुन आइको हुदा सो सम्बन्धमा निज आशा देवी दासको नाउंमा बोरिया वडा नं. ३ हाल रा.वि वडा नं. ६ मा पर्ने जग्गाको कि.न. ४४३ को क्षेत्रफल ०-०-१२ कायम रहेको र निज आशा देवी दासले भोगचलन गरिरहेको जग्गामा अरु कसैको हकदावी ,अंस रहेको भए सो आफु संग भएको सावुत प्रमाण लिई यस वडाका वडा कार्यालयको समयमा ३५ पईतिस दिन भित्र आई दिनु होला अन्यथा कानुन वमोजिम भई जाने छ ।

..............................
शशी कुमार चौधरी
वडा अध्यक्ष

# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : तिरहुत गाउँपालिकाको कार्यालय, सप्तरी**


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*